# कुम्मायक गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः २०८१/१२/२०

**भाग-२**

**कुम्मायक गाउँपालिका**

# कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि,- २०८१

आज्ञाले,

जयनारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत

# कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

कुम्मायक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि तथा पशुपंक्षी सेवा शाखा

यासोक, पाँचथर।

# कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२०**

**प्रस्तावनाः** कुम्मायक गाउँपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको कृषि उत्पादन केन्द्रको स्थापना र संचालन मार्फत तुलनात्मक लाभ तथा विशिष्टिकृत अवसरलाई दृष्टिगत गर्दै उपलब्ध हावापानी र भौगोलिक अवस्था सुहाउँदो बाली वस्तुको व्यवसायीकरण, आधुनिकीकरण, बजारीकरण तथा औद्योगिकरण तथा उन्नन कृषि प्रविधिको प्रयोग, प्रसार र विस्तार गरि कृषि उपजको निर्यात प्रवर्द्धन मार्फत पालिकाको आर्थिक समृद्धिमा टेवा पुऱ्याइ कृषि उपजको उत्पादन, प्रशोधन, भण्डार र बजारीकरण सुनिश्चित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः**

(क) **कृषि उत्पादन केन्द्र** भन्नाले बृहत क्षेत्रमा व्यवसायिक रुपमा उन्नत प्रविधिको अनुसरण गरि कृषि जन्य बाली/बस्तुहरुको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणको क्रियाकलाप संचालन गर्न स्थापन गरिएको केन्द्र भन्ने बुझ्नुपर्छ।

(ख) **कार्यविधि** भन्नाले "कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" सम्झनु पर्दछ।

(ग) **गाउँपालिका** भन्नाले कुम्मायक गाउँपालिका र कार्यपालिका भन्नाले कुम्मायक गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) **आर्थिक विकास समिति** भन्नाले कुम्मायक गाउँपालिकाले गठन गरेको आर्थिक विकास समितिलाई सम्झनु पर्दछ।

(ङ) **समिति** भन्नाले यस कार्यविधिमा उल्लेखित समितिहरु सम्झनु पर्दछ।

**३. उद्देश्यः** कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्।

(क) कृषि क्षेत्रलाई कुम्मायक गाउँपालिकाको राजस्व आम्दानीको मुख्य क्षेत्रको रुपमा विकास गर्ने।

(ख) बाँझो रहेका कृषि योग्य जग्गा जमिन तथा अन्य स्थानीय स्रोत साधनहरुको सदुपयोग गरि उपयोगिता बढाउने।

(ग) रोजगारीको अवसर सिर्जना गर्ने।

(घ) बढ्दो कृषि उपजको आयात न्यूनिकरण गरि निर्यात प्रवर्द्धनमा सघाउ पुऱ्याउने।

(ङ) कृषि क्षेत्रमा आधुनिक प्रविधि भित्र्याइ उत्पादन कार्य प्रविधि मैत्री बनाउने।

(च) कृषि क्षेत्रलाई आर्थिक समृद्धि र जीविकोपार्जनको प्रमुख माध्यमको रुपमा विकास गर्ने।

## परिच्छेद-२

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

**४. कार्यक्रमको अवधीः**

(क) कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रम ३ वर्षसम्म निरन्तर संचालन हुनेछ र त्यसपछि कार्यक्रम निरन्तरताको लागि सम्भावित साझेदार सम्बन्धी निर्णय गाउँ कार्यपालिकाले गर्नेछ।

**५. कार्यक्रमको संचालनः** कुम्मायक गाउँपालिका कृषि तथा पशुपंक्षी सेवा शाखाबाट यस कार्यक्रम संचालन हुनेछ।

**६. कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने क्रियाकलापहरुः** गाउँपालिकाले यस कार्यक्रमका लागि विनियोजन गरेको बजेटबाट देहायका क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ

(१) तरकारी तथा मसलाबाली उत्पादनका लागिः

- उत्पादन कार्ययोजना बनाउने
- आवश्यक विभिन्न उत्पादन सामाग्री खरिद तथा ढुवानी
- माटो परिक्षण तथा चुनको प्रयोग
- शत्रुजीव व्यवस्थापनका लागि विभिन्न विधिको प्रयोग
- पूर्वाधारहरु/संरचनाको निर्माण
- यन्त्र/उपकरणहरु खरिद तथा ढुवानी
- विभिन्न कृषि कार्यका लागि कामदारको प्रयोग, कामदारलाई ज्याला र कामदारको क्षमता विकासका लागि तालिम संचालन गर्ने
- नियमित अनुगमन र निरिक्षण गर्ने।
- समितिको निर्णयमा आवश्यक अन्य क्रियाकलापहरुमा खर्च गर्न सकिने

(२) लोकल कुखुरा पालनका लागिः

- खोर बनाउने।
- दाना, पानी को लागी आवश्यक उपकरण तथा दाना, पानी खरिद तथा ढुवानी ।
- औषधी, उपचार व्यवस्थापन खर्च ।
- चल्ला तथा कुखुरा खरिद तथा ढुवानी ।
- कुखुराको चरणको लागी आवश्यक घाँसको बिऊ, सिँचाई सामाग्रीको खरिद तथा ढुवानी, कुखुरापालन क्षेत्रमा बारबेर(Fencing) गर्न सकिने ।
- कामदारको प्रयोग, कामदारलाई ज्याला तथा पारिश्रमिक दिन सकिने ।
- समितिको निर्णयमा आवश्यक अन्य क्रियाकलापहरुमा खर्च गर्न सकिने ।

(३) व्यवसायिक कीट विकास तथा प्रवर्द्धनका लागि तालिम संचालन गर्न सकिने।

(४) बजारीकरणका लागिः

- बजारीकरण योजना बनाउने तथा बजारीकरणसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु गर्ने।
- संकलन केन्दको निर्माण।
- बजारीकरणका लागि आवश्यक सामाग्रीहरु, maturity testing devices, हारभेष्टिङ औजार/उपकरण, crates, MAP packages, ventilated sacks, ventilated cardboards with divider inside, fruit cover आदि।
- नजिकका थोक तथा खुद्रा बजारको बजार र मूल्य सूचना प्रणाली तथा market players हरुसँग linkage and network विकास गर्ने
- मूल्य श्रृंखला विकास अन्तर्गत उत्पादिन कृषि उपजहरुको आवश्यकता अनुसार प्रशोधन गरि बजारसँग जोडिनेछ।
- Packaging and branding सम्बन्धी आवश्यक तालिमको व्यवस्थापना गर्ने र आवश्यक उपकरण खरिद गर्ने
- उपज ढुवानीको लागि व्यवस्था मिलाउने
- समितिको निर्णयमा आवश्यक अन्य क्रियाकलापहरुमा खर्च गर्न सकिने।

(५) खर्च र आम्दानीको अभिलेखः

(क) खर्च अभिलेख किताब र आम्दानी अभिलेख किताबमा खर्च र आम्दानीको अभिलेख राखिनेछ।

(६) कृषि उपजको उत्पादन र बिक्रीको तथ्याङ्क व्यवस्थापनः उत्पादन र बिक्री अभिलेख किताबमा कृषि तथा पशुपंक्षीको उत्पादन तथा विक्रीको अभिलेख राखिनेछ।

(७) राजस्व संकलन र दाखिला प्रकृयाः उत्पादित कृषि तथा पशुपंक्षीजन्य उपज बिक्री बापत हुने आम्दानी सम्बन्धित खरिदकर्ताले सोझै पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरि सोको भौचर पालिकालाई पेश गर्नुपर्नेछ।

## परिच्छेद-४
## कार्यक्रम संचालन प्रकृया

**७. कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमको संचालन प्रकृया देहाय बमोजिम हुनेछः**

(क) गाउँपालिकाको कृषि तथा पशुपंक्षी सेवा शाखाले सभाबाट स्वीकृत बजेट अनुसार कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन गर्नुपर्नेछ।

(ख) कृषि उत्पादन केन्द्र स्थापना तथा संचालनको प्रभावकारी कार्यान्वयनको लागि पालिकामा देहाय बमोजिमको कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन समिति रहनेछ।

गाउँपालिका उपाध्यक्ष — संयोजक

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

आर्थिक विकास समिति संयोजक — सदस्य

पशुपंक्षी सेवा शाखा प्रमुख — सदस्य

कृषि विकास शाखाको प्रमुख — सदस्य सचिव

(ग) यस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकमा आवश्यकता अनुसार बढिमा २ जनालाई आमन्त्रण गर्न सकिनेछ।

(घ) यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

- संचालित कार्यक्रमको स्थलगत अनुगमन र पृष्ठपोषण।
- कार्य प्रगतिको समिक्षा र आवश्यक समन्वय।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन।

(ङ) कार्यक्रमको समग्र संचालन तथा व्यवस्थापन गर्नको लागि एक जना कृषि/पशु प्राविधिक राख्न सकिनेछ।

(च) कृषि उपज (विशेष गरेर तरकारी तथा मसलाबाली)को उत्पादन तथा कुखुरापालनका लागि गाउँपालिकाले आधारभूत पूर्वाधारहरु (सडक, विद्युत, सिँचाइ, बजार) को सुविधा भएको क्षेत्रमा जग्गा लिजमा लिनेछ।

(छ) पालिकाले जग्गा धनीसँग ३ वर्षको सम्झौता गरि जग्गा लिजमा लिनेछ।

(ज) उत्पादन तथा बजारीकरणको कार्ययोजनाका आधारमा उत्पादन तथा बजारीकरणका सामाग्री खरिद गर्नेछ र लिजमा लिएको जग्गामा उत्पादन कार्यको थालनी गर्नेछ।

(झ) नर्सरी, बमौसमी उत्पादन तथा वातावरणीय प्रतिकुलताबाट बालीलाई बचाउन बाँसको प्लाष्टिक घरको निर्माण गरिनेछ र सिँचाइको लागि प्लाष्टिक पोखरीको निर्माण गरिनेछ।

(ञ) सम्बन्धित क्षेत्रमा रहेका बेरोजगार मानिसहरुलाई खनजोत, नर्सरी राख्ने, रोप्ने देखि लिएर बाली उत्पादन पश्चात टिपाइ, सर्टिङ तथा ग्रेडिङ, प्याकेजिङ जस्ता अन्य उत्पादन र बजारीकरणका क्रियाकलापमा परिचालन गरिनेछ।

(ट) कुखुरापालनको लागि खोरको निर्माण, औषधी उपचार, चल्ला तथा कुखुरा खरिद तथा ढुवानी गरिनेछ।

(ठ) त्यसैगरि कुखुराको लागि आवश्यक दाना, पानी तथा फर्ममा प्रयोग हुने उपकरणहरु खरिद ढुवानी गरिनेछ।

(ड) कुखराको चरणको लागि आवश्यक घाँसको बीउ, सिँचाइ सामाग्रीको खरिद तथा ढुवानी, कुखुरापालनको क्षेत्रमा बारबेर गर्न सकिनेछ।

(ढ) समितिको निर्णयमा आवश्यक अन्य क्रियाकलापहरुमा खर्च गर्न सकिने।

## परिच्छेद-५
## विविध

**८. अनुगमन र मूल्याङ्कनः**

(क) यस कार्यक्रमको प्रगति, उपलब्धि, उद्देश्य बमोजिमको कार्यसम्पादन भए नभएको सम्बन्धमा कुम्मायक गाउँपालिकाले नियमित अनुगमन तथा मुल्याङ्कन गर्नेछ।

(ख) अनुसूचि-२ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति प्रतिवेदन कुम्मायक गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ।

(ग) कार्यक्रम संचालन पश्चात अनुसूचि-३ बमोजिमको उपलब्धी अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ।

**९. खारेजी एवं संशोधनः** यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ।

१०. **कानुन बमोजिम हुने**: यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा उल्लेख गरिएको भएता पनि नेपालको प्रचलित ऐन कानुनसँग बाझिएमा सोही बमोजिम हुनेछ।

११. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिमा उल्लेख भएका कुरामा कुनै विवाद आएमा गाउँ कार्यपालिकाले त्यसको निरुपण गर्नेछ।

## अनुसूचि-१

## प्रस्तावको ढाँचा

१. कार्यक्रमको नामः

२. कार्यक्रमको औचित्य र महत्वः

३. अपेक्षित उपलब्धिहरु र वार्षिक उत्पादन विवरणः

(क)कार्यक्रमको उपलब्धिहरु तपशिल बमोजिमका हुनेछः

- भाडामा लिएको जग्गाको क्षेत्रफलः......... हे
- वार्षिक उत्पादन ........... के.जी
- वार्षिक जम्मा आम्दानी रु. ...................
- रोजगारी सिर्जना (पूर्णकालिन...... आंशिक........)

४. पूर्वाधारको अवस्था (सडक, सिँचाइ, विद्युत, बजार आदि)

- सम्पूर्ण पूर्वाधारको सुविधा भएको
- पूर्वाधारको सुविधा मध्यम किसिमको भएको
- पूर्वाधारो सुविधा अभाव रहेको

५. कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरुः

| क.श. | क्रियाकलाप विवरण | इकाइ | प्रथम वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भएको | थप हुने | जम्मा | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

६. खर्च विवरण

क. स्थिर खर्चको विवरणः कृषि यन्त्र उपकरणहरु, भवन, तारबार, सिँचाइ व्यवस्थापन आदि जस्ता संरचना निर्माण आदि पूर्व संचालन खर्चहरु

| क.श. | क्रियाकलाप विवरण | इकाइ | प्रथम वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भएको | थप हुने | जम्मा | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

ख. चालू खर्चको विवरण (एक वर्षको मात्र)ः कामदार, मल, बीउ, रोगकिरा व्यवस्थापन आदि

| क्र.श. | क्रियाकलाप विवरण | इकाइ | प्रथम वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भएको | थप हुने | जम्मा | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

७. आम्दानीको अनुमानित विवरणः

| क्र.श. | विक्रि हुने सेवा वा वस्तु | इकाइ | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| | जम्मा | | | | |

## अनुसूचि-२
## प्रगति प्रतिवेदनको ढाँचा

कार्यक्रमको नामः

कार्यक्रम संचालन गर्ने निकायको नामः

कार्यक्रम संचालन अवधिः

| क.श. | कार्यक्रमको नाम | लगानी भएको रकम | लक्ष्य | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**अनुसूचि-३**

**उपलब्धी अनुगमन सूचक**

१. खेति गरिएको जमिनको क्षेत्रफल:

२. रोजगारीको अवस्था:

(क) पुरै समय रोजगार संख्या:

(ख) आंशिक रोजगार संख्या:

३. हालको व्यवसायिक विवरण:

| क्र.श. | बाली/पशुपंक्षी | क्षेत्रफल | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रविधिको प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

जम्मा वार्षिक लगानी रु.

सरदर वार्षिक आम्दानी रु.

आगामी योजनाहरु

१.

२.

३.

आज्ञाले

जयनारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत